परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १४६ पृष्ठ ४ २०८० कार्तीक १९ गते, आइतबार 5 Nov., 2023 मूल्य रु. ५/-



समाचार पृष्ठ २ मा

किन गइरहन्छ नेपालमा पटक-पटक भूकम्प ?

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

इजरायलमा आक्रमणमा परी ज्यान गुमाएका

## आनन्दको शव पुग्दा भावविह्वल बन्यो सपही



● अमरेन्द्रकुमार यादव

जनकपुरधाम । इजरायलमा चरमपन्थी समूह हमासको आक्रमणमा परी ज्यान गुमाएका धनुषा लक्ष्मीनियाँ गाउँपालिका-४ सपहीका आनन्द साहको शव उनको घर लगिएको छ । नेपाली सेनाको विशेष विमानबाट उनको शव शनिबार अपराह्न ४ बजेर ३० मा जनकपुरधाम विमानस्थलमा आइपुगेको थियो ।

बाँकी पृष्ठ ३ मा

## मिटरब्याजको आरोपमा महोत्तरीबाट थप एकजना पक्राउ

● लभ ठाकुर



गौशाला । मिटरब्याजको आरोपमा एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा महोत्तरीको लोहरपट्टी नगरपालिका- ३ बस्ने वर्ष २७ को सियाराम यादव रहेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय लोहरपट्टीको टोलीले यादवलाई घरबाटै पक्राउ गरेको हो । उनलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय लगिएको छ । बुवा निर्धन यादवले चलाएको मिटरब्याजको अवैध धन्दा अहिले सियारामले सम्हालेका हुन् । उनीविरुद्ध प्रहरीमा दर्जनौं उजुरी परेको बुझिएको छ। स्थानीय रामएकवाल यादव र मुन्दर देवीले पनि उनीविरुद्ध ठगीसम्बन्धी उजुरी दिएका छन् । जिल्ला प्रशासन कार्यालयले पटक पटक छलफलका लागि बोलाउँदा पनि नआएपछि यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी दिलिपकुमार गिरीले जनाएको छ ।

# शिक्षा विधेयक पारित पछि समग्र शिक्षामा सुधार आउनेछ : मन्त्री राई

● धनवीर महतो




गौशाला । सदनमा विचाराधिन अवस्थामा रहेको शिक्षा विधेयक ऐन पारित भएपछि मुलुककै समग्र शिक्षामा सुधार आउने शिक्षा, विज्ञान तथा प्रविधीमन्त्री अशोक राईले बताएका छन् । शनिवार गौशालास्थित त्रिभुवन माविका नवनिर्मित भवनको समुदघाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री राईले नेपालको संविधान २०७२ को धारालाई टेकेर तयार भएको शिक्षा विधेयकले देशका अधिकांश शैक्षिक समस्याको हल हुने मन्त्री राईले धारणा राखेका छन् । उनले भने, लामो समयको प्रयासपछि नेपालमा शिक्षा निती ऐन लागु हुने भएको छ । जसले शिक्षक, विद्यार्थी, अभिभावक लगायत वर्तमान शैक्षिक अवस्थाको सुधार गरिनेछ । शिक्षकको पछिल्लो मागलाई पनि सम्बोधन गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्दै अहिले सो ऐन सदनमा विचाराधिन अवस्थामा छ । शैक्षिक सरोकारको मद्दाहरु यसबाट सम्बोधन गरिनेछ । शैक्षिक सुधारकै लागि लामो छलफल र प्रयासपछि तयार भएको विधयेकले हरेकपक्षलाई सम्बोधन गर्ने मन्त्री राईले धारणा राखे । उनले अगाडि भने, सामुदायिक शिक्षालयलाई स्थानिय सरकारकै मातहतमा राखि तयार भएको शिक्षा विधेयकले हाल कायम रहेको शिक्षकको दरवन्दी मिलान यसले सहजै पुर्ति गरिनेछ । करिब ४६ हजार दक्ष जनशक्ति उत्पादनका लागि यस विधयेकले महत्वपुणर् भुमिका निर्वाह गरिनेछ । यसमा एकपटकका लागि हाल कार्यरत रहेका शिक्षकहरुको हकमा उमेर हद नलाग्ने भएपछि स्थायी प्रक्रियामा जुनसुकै उमेरले भाग लिईनेछ । जसले नेपालको सामुदायिक विद्यालयको शैक्षिक सुधारका निम्ति महत्पुणर् भुमिका निर्वाह गरिनेछ । एक अर्को प्रसंगमा मन्त्री राईले विद्यालयको आत्मा शिक्षक रहेकोले शैक्षिक सुधारका लागि शिक्षकलाई समयसापेक्ष रुपमा ज्ञान प्रदान गनुपर्ने धारणा राखेका छन् । शैक्षिक गुणस्तरका लागि चौतर्फी सहयोगको आवश्यक रहेको उनले धारणा राखेका छन् । सोहीविच मधेश प्रदेशका पुर्वमन्त्री तथा प्रदेशसभा सदस्य भरतप्रसाद साहले यहाँको शैक्षिक गतिविधीलाई समयसापेक्ष बनाउनका लागि हरेकपक्षको सकारात्मक भुमिकाको आवश्यक रहेको धारणा राखेका छन् । गौशालालाई शैक्षिक हव वनाउनका लागि जनप्रतिनिधीलाई एकपटक सोच्नैपर्ने अवस्था रहेको साहले बताएका छन् ।

बाँकी पृष्ठ ३ मा




परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### मस्तिष्कघात न्यूनीकरणमा निष्क्रियता

विश्व मस्तिष्कघात दिवस मनाइरहँदा मस्तिष्कघातमा कमी ल्याउन जनचेतनाको अभाव भएको विज्ञहरुको भनाइ सुन्ने कार्य अनि केही संघसंस्थाबाट सञ्चालित अस्पतालद्वारा 'प्रभात फेरी' कार्यक्रमका साथै सीमित व्यक्तिहरुसँग अन्तरक्रिया गरेर देशको इज्जत बचाइयो। राज्यको नागरिकप्रतिको दायित्व यही हो त ? विश्वमा प्रत्येक वर्ष १ करोड ५० लाख मानिस मस्तिष्कघातबाट पीडित हुन्छन् । प्रभावितमध्ये ५० लाख मानिसको अकालमा ज्यान जाने गरेको छ भने ५० लाख बिरामी अशक्त जीवन जिउन बाध्य छन् । ४ जनामध्ये १ जनामा कुनै न कुनै प्रकारको मस्तिष्कघात हुने गरेको अनुसन्धानले औँल्याइसकेको अवस्थामा सरकार किन मौन ? 'स्केमिक स्ट्रोक' जहाँ मस्तिष्कमा भएका रक्तनलीहरुमा अन्य कुराहरु जस्तै- बोसो (कोलेस्टेरोल), रगतको ढिक्का जम्मा हुने र त्यसले रक्तनली बन्द गर्ने हुनाले मस्तिष्कको तन्तु मर्छ र मस्तिष्कघातको लक्षण देखा पर्छ । त्यस्तै दोस्रोमा 'हेमोरेजिक स्ट्रोक' ले रक्तनली बेलुनजसरी फुल्ने या फुट्ने हुन्छ । यस्ता समस्या विशेष गरी उच्च रक्तचाप भएका व्यक्तिहरुमा हुने गरेको तथ्यांकमा हरेक उमेर समूह पर्ने स्पष्ट छ । त्यसमा पनि पक्षघातका बिरामीमध्ये ८० प्रतिशतलाई 'स्केमिक स्ट्रोक' हुने गर्दछ भने २० प्रतिशतलाई हेमोरेजिक स्ट्रोक भएको पाइएको छ । मस्तिष्कघातपूर्वका लक्षणहरु हुन्- शारीरिक सन्तुलन गुम्नु, आँखा धमिलो हुनु, ज्योति गुम्नु, मुख बाङ्गो हुनु, शरीरको एकतर्फ लुलो हुनु, दुख्नु, झमझमाउनु, बोली लरबराउनु र रोकिनु आदि । यस्ता लक्षण भएको थाहा पाएपछि जतिसक्दो छिटो अस्पताल जान सके जटिलता हुनबाट जोगिन्छ भन्ने जनचेतना जगाउनु आजको आवश्यकता हो । यो उपचार अत्यन्तै महँगो र शहर केन्द्रित हुने हुनाले सरकारले सहुलियत दिएमा पक्षघातलाई कमी ल्याउनुका साथै जटिल अवस्था पुग्नबाट बचाउन सकिन्छ। विश्वमा मृत्युको दोस्रो ठूलो कारण मस्तिष्कघात बन्दै छ। मस्तिष्कघात, पक्षघातलाई पनि हार्ट अट्याकलाई जस्तै प्राथमिकतामा राखी सरकारले जनचेतनाका साथ आर्थिक सहयोगको व्यवस्था गरोस् । पछिल्लो समय खानपान, रहनसहनलगायत बढी तनावग्रस्त जीवन जिउन बाध्य मानिसहरुमा मस्तिष्कघात एउटा जटिल स्वास्थ्य समस्याका रुपमा मौलाएको छ । यो रक्तप्रवाहमा अवरोध भएपछि हुने गम्भीर समस्या हो । मस्तिष्कको कुनै पनि भागमा रक्तनली बन्द भएर वा रक्तनली फुटेर मस्तिष्कघात हुन्छ र पक्षघातसमेत हुने अनि मानिसको ज्यान नै जान्छ । उच्च रक्तचाप, मधुमेहजस्ता जटिल समस्याको विषयमा सरकारले प्राथमिकतामा राखी जनचेतना जगाउनुका साथै उपचारका लागि सर्वसुलभरुपमा चिकित्सक, स्वास्थ्य संस्था र औषधि, उपकरण उपलब्ध गराइयोस् । यस्तो गम्भीर स्वास्थ्य समस्याका विषयमा सरकारले खासै ध्यान दिएको छैन । जसरी सरकारले मुटु, मृगौला रोगीका लागि उपचार गर्न आर्थिक सहयोग गर्छ र जनचेतनामूलक योजनाहरु बनाउँछ तर मस्तिष्कघात र पक्षघातका विषयमा चासो नै दिएको पाइन्न ।

# किन गइरहन्छ नेपालमा पटक-पटक भूकम्प ?

## विज्ञ भन्छन् : जाजरकोटको मझौला भूकम्पले महाभूकम्पको जोखिम कम गर्दैन

● जनार्दन पोखरेल



काठमाडौं । शुक्रबार राति ११ बजेर ४७ मिनेट जाँदा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा धेरै जनधनको क्षति भएको छ । अहिलेसम्म सार्वजनिक तथ्यांक अनुसार भूकम्पबाट ज्यान गुमाउनेको संख्या डेढसय नाघेको छ भने सयौं घाइते भएका छन् । केही बेपत्ता छन् । हजारौं भौतिक संरचना भूकम्पले ध्वस्त बनाएको छ । यसअघि गएको असोज १६ गते पनि सुदूर पश्चिमको बझाङ केन्द्रबिन्दु भएर ६.३ रेक्टर स्केलको भूकम्प गएको थियो । बझाङ भूकम्पबाट एक जनाको मृत्यु भएको थियो भने ३० जना भन्दा धेरै घाइते भएका थिए । कयौं भौतिक संरचना त्यो भूकम्पले पनि नष्ट बनाएको थियो । आठ वर्षअघि ०७२ सालको वैशाख १२ गते गोरखाको बारपाक केन्द्रविन्दु भएर गएको ७ दशमलव ६ रेक्टर स्केलको भूकम्पको घाउमा खाटा बस्न नपाउँदै जाजरकोट र बझाङमा गएका भूकम्पले हामीलाई फेरि त्रसित बनाएको छ । भूकम्पविद्हरु ८ रेक्टर स्केल भन्दा माथिको भूकम्पलाई मात्रै ठूलो अथवा महाभूकम्प मान्छन् । त्यसआधारमा हेर्दा गएराति जाजरकोट र एक महिनाअघि बझाङमा गएका भूकम्प मझौला खालका भूकम्प मात्रै हुन् ।

**आखिर किन गइरहेका छन् त नेपालमा पटकपटक ठूलो मानवीय क्षति हुनेगरी भूकम्प?**

राष्ट्रिय भूकम्प मापन केन्द्रका वरिष्ठ भूकम्पविद् डा. लोकविजय अधिकारीका अनुसार नेपाल आफैंमा भूकम्पीय जोखिमयुक्त क्षेत्रमा अवस्थित मुलुक हो । 'त्यसमा पनि पश्चिम नेपालमा भूकम्पीय जोखिम मध्य र पूर्वी नेपालको तुलनामा धेरै बढी छ,' अधिकारीले भने, 'पश्चिम नेपालको भूगर्भभित्र सञ्चित भएर बसेको भूकम्पीय शक्तिले कुनै पनि बेला त्यस क्षेत्रमा महाविनाश निम्त्याउन सक्ने सम्भावना अहिले पनि जीवितै छ ।' डा. अधिकारी पश्चिम नेपालमा विगत पाँच सय वर्षयता ठूलो भूकम्प नगएको कारण त्यसक्षेत्रको भूगर्भभित्र ठूलो भूकम्प जाने शक्ति सञ्चित भएर बसेको बताउँछन् । 'अहिलेसम्म हामीलाई प्राप्त रेकर्डअनुसार वि.सं. १५०५ पछि पश्चिम र सुदूरपश्चिम क्षेत्रमा ठूलो अथवा महाभूकम्प गएको छैन,' अधिकारीले भने, 'ठूलो भूकम्प नगएको कारण नै पश्चिम नेपालको पृथ्वीको गर्भभित्र विनाशकारी भूकम्प जाने शक्ति सञ्चित भएर बसेको छ भनेर हामीले भन्दै आएका हौं।' अधिकारीका अनुसार भौगोलिक अवस्थितिको आधारमा हेर्दा नेपालको सम्पूर्ण हिमालय क्षेत्र भूकम्पको उच्च जोखिमयुक्त क्षेत्र हो । काठमाडौं उपत्यका पनि हिमालय क्षेत्र नजिकै पर्छ । त्यसैले काठमाडौं उपत्यका पनि भूकम्पको जोखिमयुक्त क्षेत्रमै पर्छ। वि.सं. १९९० साल माघ २ गते पूर्वी नेपाल केन्द्रविन्दु भएर ८.३ रेक्टर स्केलको भूकम्प गएको थियो । २०७२ वैशाख १२ गते गोरखाको बारपाक केन्द्रविन्दु भएर गएको भूकम्प ७.६ रेक्टर स्केलको थियो । पछिल्लो समय नेपालमा ठूला भूकम्प पूर्वी र मध्य नेपालमा मात्रै गएका छन् । पूर्वी नेपालमै वि.सं.१२५५ मा पनि ठूलो भूकम्प गएको थियो । यसरी हेर्दा पूर्वी र मध्य नेपालमा ठूला भूकम्प गएका छन् । तर, गोरखाभन्दा पश्चिमको नेपालमा चाहिँ विगत पाँचसय वर्षभन्दा लामो समयदेखि महाभूकम्प गएको छैन । अधिकारी पश्चिम र सुदूर पश्चिमका विभिन्न जिल्लामा पटकपटक गइरहेका साना र मझौला खालका भूकम्पले त्यस क्षेत्रमा ठूलो भूकम्प जाने सम्भावनामा जीवितै छ भन्ने सन्देश दिएको तर्क गर्छन् । 'त्यस क्षेत्रको भूगर्भमा सञ्चित त्यो शक्ति जहिले पनि ठूलो भूकम्पमार्फत् बाहिर निस्कन सक्छ,' उनले भने, 'त्यो बेला अहिले भन्दा ठूलो विनास निम्तिन सक्छ।'

**कमजोर भौतिक संरचनाले बढी क्षति**

विगतमा हाइटीमा गएको ७ रेक्टरको भूकम्पले तीन लाख मानिसको मृत्यु भएको थियो। तर, जापानमा ९.१ को भूकम्प जाँदा जम्मा २० हजार मान्छेले मात्रै ज्यान गुमाएका थिए । त्यो पनि भूकम्पले हल्लिएर होइन, सुनामीको कारण । सन् २०१० तिर इरानमा गएको झण्डै ६ रेक्टरको भूकम्पले पनि ३० हजार मानिसको मृत्यु भएको थियो । सामान्यतया ठूलो भूकम्प जाँदा क्षति धेरै हुन्छ। तर, भौतिक संरचना बलिया हुँदा ठूलो भूकम्प जाँदा पनि क्षति धेरै नहुने अधिकारी तर्क गर्छन् । 'हाइटीमा ७ रेक्टरको भूकम्प जाँदा ३ लाख मान्छे मरे, जापानमा ९ रेक्टरभन्दा माथिको भूकम्प जाँदा पनि २० हजार मात्रै मान्छे मर्नुको कारण हाइटीका कमजोर र जापानका मजबुत भौतिक संरचना नै हुन्,' अधिकारीले भने । भूकम्पको क्षति विभिन्न कुरामा निर्भर हुन्छ । जाजरकोटमा हिजो राति गएको भूकम्पले धेरै मानवीय क्षति हुनुको प्रमुख कारण कमजोर भौतिक संरचना नै भएको अधिकारीको भनाइ छ। 'हाम्रा भौतिक संरचना कमजोर त छँदै थिए, त्यसमाथि जाजरकोटमा राति भूकम्प जाँदा पनि क्षति बढी भयो,' उनले भने । अधिकारीका अनुसार बझाङमा गएको भूकम्प दिउँसो गएकाले धेरै मानवीय क्षति हुन पाएको थिएन। ०७२ सालमा गएको गोरखा भूकम्प दिउँसो नगएर राति गएको थियो भने त्यो भन्दा झन् ठूलो जनधनको क्षति हुने अधिकारीको अनुमान छ । बझाङमा एक महिनाअघि ६.३ को ठूलो भूकम्प जानुअघि साना भूकम्प गएका थिए । त्यतिबेला मान्छे सतर्क भएर बाहिर बसेका कारण पनि पछि ठूलो भूकम्प जाँदा धेरै क्षति भएन । भौगोलिक बनोटको आधारमा पनि भूकम्पको तीव्रता र क्षतिमा फरक पर्ने अधिकारीको तर्क छ। 'एकै प्रकारको रेक्टर स्केल भएको भूकम्पले पनि कुनै ठाउँमा कम र कतै बढी क्षति हुन सक्छ,' उनले भने, 'भूकम्पले पानीको मात्रा धेरै भएको दलदले जमिनलाई बढी हल्लाउँछ । त्यस्तो क्षेत्रमा क्षतिको सम्भावना पनि बढी हुन्छ । चट्टानी बनोट भएको जमिनमा कम क्षति हुन्छ।' मुख्यरुपमा भूकम्पले गर्ने क्षति भनेको हामीले निर्माण गरेका संरचनामा निर्भर हुने उनको भनाइ छ । 'जाजरकोटको भूकम्पले धेरै क्षति हुनु भनेको त्यस क्षेत्रका भौतिक संरचना ६ रेक्टरको भूकम्पलाई पनि थेग्ने खालका रहेनछन् भन्ने बुझ्नुपर्छ,' उनले भने । जाजरकोट र बझाङमा गएका भूकम्पले पाँच सय वर्षदेखि पश्चिम नेपालको भूगर्भमा सञ्चित भएर बसेको भूकम्पीय शक्तिलाई क्षीण गरे होलान् त ? यो प्रश्नमा भूकम्पविद् डा.अधिकारीले भने, 'गरेको छैन।' 'सात रेक्टर स्केलको भूकम्पको शक्ति भनेको ६ रेक्टर स्केलको भूकम्पको शक्तिभन्दा ३२ गुणा बढी हुन्छ । अर्थात् जमिनको गर्भमा ७ रेक्टर स्केलको भूकम्प जाने शक्ति सञ्चित छ भने त्यो शक्ति क्षीण हुन ६ रेक्टर स्केलका ३२ वटा भूकम्प त्यही ठाउँमा जानुपर्छ,' उनले भने । 'जमिनमुनि सञ्चित भएर बसेको ८ रेक्टरको भूकम्पको जाने शक्ति समाप्त हुन ६ रेक्टर स्केलका भूकम्प एक हजार २४ वटा जानुपर्छ,' उनले भने, 'यसले ८ रेक्टरको भूकम्प जानसक्ने शक्ति यदि पश्चिम र सुदूरपश्चिको भूगर्गभित्र सञ्चित भएर बसेको छ भने ६ रेक्टरसम्ममा भूकम्प त्यस क्षेत्रमा एक हजारभन्दा धेरै जानु पर्छ । त्यसले मात्रै ८ रेक्टर स्केल बराबरको शक्ति समाप्त हुन्छ ।' जाजरकोट र बझाङमा गएको भूकम्पले पश्चिम नेपालमा पाँच सय वर्षदेखि थुप्रिएर बसेको महाभूकम्पको जोखिमको सम्भावनालाई न्यूनीकरण नगरेको उनले बताए । 'यस्ता मझौला दुईचार वटा भूकम्पले त्यस क्षेत्रमा भूकम्पीय जोखिम घटेको छैन,' उनले भने, 'बरु यस्ता भूकम्पले हामीलाई तिमीहरु सचेत बन है भन्ने सन्देश दिएको छ ।'

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । | तुला | सानो प्रयत्नले कीर्तिमानी कामको यश लिने सौभाग्य प्राप्त हुनेछ । |
| बृष | योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । | वृश्चिक | विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । |
| मिथुन | प्रयत्न गर्दागर्दै पनि केही कमजोरी देखा पर्न सक्छन् । | धनु | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । |
| कर्कट | अवसर प्राप्त हुनाले सजिलै लक्ष्यमा पुग्न सकिनेछ । | मकर | चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ । |
| सिंह | बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ । | कुम्भ | मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । |
| कन्या | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ । | मीन | छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## भूकम्पले गरेको क्षतिप्रति दुःख लागेको छ, सबै सहयोग गर्न तयार छौं : भारतीय प्रधानमन्त्री मोदी



● टक नेपाल

काठमाडौं । नेपालमा भूकम्पबाट भएको जनधनको क्षतिप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो दुखः व्यक्त गरेका छन् । प्रधानमन्त्री मोदीले भूकम्पपछिको अवस्थामा नेपाललाई सबै सहयोग गर्न तयार रहेको समेत उल्लेख गरेका छन् । ट्वीट गर्दै मोदीले भनेका छन्, 'नेपालमा गएको भूकम्पबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख लागेको छ । यो अवस्थामा भारत सम्भव सबै सहयोग गर्न तयार छ । हामी शोकसन्तप्त परिवारसँगै छौं र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

# कमला नदीमा डेढ किलोमिटर..................

करिब २८ करोड रुपैयाँको लगानीमा निर्माण हुन लागेको झोलुङ्गे पूल १५०१ मिटर लामो बन्ने भएको हो । सपना उमा थानी जेभी कन्सट्रक्सन कम्पनीको ठेक्कामा निर्माण हुन लागेको कमला झोलुङ्गे पुल आगामी बर्ष असार महिनासम्म सुचारु भईसक्ने ईन्जिनीयर विनोद कुमार मण्डलले जानकारी दिनुभयो । निर्माण हुन लागेको सो झोलुङ्गे पूलमा एकै पटक २५०० जना मानिस चढ्न सक्ने क्षमताको हुनेछ । १० वटा पिल्लर रहेको झोलुङ्गे पुल सिरहा तर्फबाट सिरहा नगरपालिका वडा नं. १३ मल्हनीयाँ गम्हरियासम्म रहेको छ। यही असोज महिनादेखि सुरु भएको पुलको काम आउँदो वि.सं. २०८१ असार मसान्तभित्र सञ्चालनमा ल्याउने तयारी कम्पनीको रहेको छ । पूर्वपश्चिम हुलाकी मार्गदेखि केही दुरीमा बन्न लागेको सो पुल निर्माण भएपछि आवतजवातमा सहज हुने भएको छ । झोलुङ्गे पूल निर्माण भएपछि जनकनन्दिनी गाउँपालिकालाई प्रत्यक्ष फाईदा हुने भएको छ । सो पुलको निर्माणपछि भारतीय पर्यटकसहित आन्तरिक पर्यर्टकको समेत भित्रिने विश्वास गरिएको छ ।

# आनन्दको शव पुग्दा..............................

विमानस्थल नेपाली सेनाकै टोलीले स्कर्टिङ गरेर आनन्दको शवलाई उनको घर सपही लगेको हो । शव सपही पुग्दा गाउँ भावविह्वल बनेको थियो । उनको शवलाई शनिबारनै दाहसंस्कार गरिएको छ । शुक्रबारनै शव आइपुग्ने तय भए पनि केही कारणवश शनिबार बिहानै ९ आउने भनिएको थियो । तर जाजरकोटमा गएको भूकम्पमा नेपाली सेनाको टोली उद्धारमा खटिदा उनको शव आउन ढिलाइ भएको थियो । शनिबार बिहान शव नआउँदा स्थानीयहरूले प्रदर्शन समेत गरेका थिए ।

# शिक्षा विधेयक पारित पछि...............

विकास गतिविधीलाई अगाडि बढाउने क्रममा राजनितीकमुक्त तवरले प्रस्तुत हुनका लागि सवैलाई साहले आग्रह गरेका छन् । सरोकारवाला निकायले शैक्षिक सुधार गर्ने क्रममा अपनत्वको भावनालाई जागृति नगरिदिदा यहाँको शैक्षिक अवस्था लथालिंग भै रहेको नगरप्रमुख डा. दिपेन्द्र महतोले बताएका छन् । पछिल्लो समयमा स्थानिय सरकार, शैक्षिक सरोकारवालाले सकारात्मक भुमिका निर्वाह नगरेकै कारण शैक्षिक क्षेत्रमा लगानी अनुसारको प्रतिफल प्राप्त गर्न नसकेको नगरप्रमुख महतोले स्वीकार गरेका छन् । गौशाला नगरपालिकाले ३ करोड बजेटमध्ये २ करोड वजेट शिक्षक (जनशक्ति) पुर्तिका लागि खर्चिएतापनि सोचेअनुसारको प्रतिफल पाउन कठिनाई भएको कुरालाई मनन गर्दै अगामी दिनमा यात्रा तय गर्नुपर्नेमा महतोले जोड दिएका छन् । स्थानिय सरकार मातहत रहेको नगरको सामुदायिक विद्यालयको सुधारका निम्ति सकारात्मक सोच अनि हरेकपक्षको सहयोगको आवश्यकता उपर उपप्रमुख रेणु महतोले बताईन् । अहिलेको समयमा सीपमुलक शिक्षा दिई विद्यालयबाटै रोजगारी पाउने आधार सहितको शिक्षा दिलाउनका लागि पहलकदमी गर्नुपर्ने सवैको अत्यन्त आवश्यक रहेको छ । त्यस्तै पुर्वमेयर शिवनाथ महतोले भौतिक संरचनाको साथै दक्ष जनशक्ति सहितको आधारभुत तत्वहरु समाहित गरेमात्र नमुना शिक्षालयको रुपमा त्रिभुवन माविलाई बनाउन सकिने धारणा राखेका छन् । हाल कायम रहेको अभावलाई टार्दै आवश्यक्तालाई पुर्ति गर्नु नै विद्यालय सुधारको मुख्य आवश्यकता उपर पुर्वमेयर महतोले जोड दिएका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश महतोको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमकाबीच विभिन्न वक्ताहरुले सामुदायिक शिक्षालयको शैक्षिक गतिविधी सुधार्नका लागि चौतर्फी रुपमा सकारात्मक भुमिकाको आवश्यकता उपर जोड दिएका छन् । विद्यालय परिसरमा ३ करोड ५ लाखको लागतमा अत्याधुनिक भौतिक पुर्वाधारसहितको १२ कोठे भवन तयार भएको विद्यालयका प्रधानाध्यापक विनोदकुमार महतोले बताएका छन् । भवन निर्माणका लागि जिम्मा लिएका भगत ग्रुप कन्ट्रक्शनले ८ महिनाको समय लगाएर भवन तयार गरिएको प्रधानाध्यापक महतोले जानकारी दिए । समारोहकाबीच विद्यालयमा कार्यरत पुर्व प्रधानाध्यापकहरुलाई सम्मान गरिएको थियो ।












# दशैमा तलव नपाएका कारण दशै मनाएन गोठाले




• नरेन्द्र महतो

गौशाला । नेपालका सव भन्दा पुरानो रहेको निगौल गाई गौशाला व्यवस्थापन कार्यालयको अवस्था नाजुक बन्दै गईरहेको छ । यहाँ १४८ विघा जग्गा भए पनि समय समयमा कर्मचारी देखि गोठाले हरु तलव नपाएर कार्यालयमा तल्चा लगाउँदै आएका थिए । तर आज भोली फेरी ४ महिना देखि गोठालेहरु तलव नपाएको कारण कार्यालयमा तल्चा लगाएका थिए । हिन्दुहरुको महान पर्वको रुपमा रहेको वडादशैको दिनमा पनि तलव नपाएका कारण हामिहरु दशै मनाउनबाट बन्चित भएको एक गोठाले बताए । हामिहरु जम्मा ८ वटा गोठाले छौ र गाई ७२ वटा रहेको छन । दिन रात गाईको सेवा गर्छु कुनै किसिमको सेवामा कमि नहोस ध्यान रहन्छ तर यत्रो ठुलो चाँडमा कसैलाई तलव नदिएको कारण हामिहरु दशै मनाउन सकेन । बाल वच्चाको ठुलो आश्य थियो दशैको टिकाको दिन नयाँ नयाँ कपडाहरु वुवा लिएर आउनु हुन्छ तर साँझ तिर घरमा गए पछि हाथमा केही नदेखि पछि वच्चाहरु लगायत सव परिवारको आँखा बाट टप टप आँसु झर्न थालियो उनिहरुले दुःखे पोखे । उता राष्ट्रिय सहकारी वोर्डलाई पटक पटक तगेदा गर्दा पनि ध्यान नदिएको कार्यालय प्रमुख वीर वहादुर चौधरीले गुनासो गरे । गौशाला नगरपालिका माथि बाँकी रहेको रकम नदिएकोले झन समस्या परेको उनले बताए ।

# भूकम्पबाट मृत्यु हुनेको संख्या १५७ पुग्यो, ३७५ घाइते

• टक नेपाल



काठमाडौं । जाजरकोट भूकम्पमा परी मृत्यु हुनेको संख्या १५७ पुगेको छ, ३७५ जना घाइते भएका छन् । गृह मन्त्रालका अनुसार शनिबार साँझसम्म प्राप्त विवरण अनुसार जाजरकोटमा १०५ र रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको हो । सामान्य घाइतेहरुको स्थानीय तथा जिल्ला अस्पतालमा भइरहेको छ भने गम्भीर घाइतेहरुलाई हवाई उद्धार गरी काठमाडौं, सुर्खेत र नेपालगञ्जमा उपचार गरिएको छ । काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा ७ जनाको उपचार भइरहेको छ । जाजरकोटको बारेकोट गाउँपालिका-१ केन्द्रबिन्दु भएर शुक्रबार राति ११:४७ मा गएको ६.४ रेक्टर स्केलको भूकम्पका कारण कति घर क्षति भयो भन्ने विषयमा सरकारको आधिकारिक सूचना दिएको छैन ।

# कमला नदीमा डेढ किलोमिटर लामो झोलुङ्गे पुल

• टक नेपाल



सिरहा । सिराहा र धनुषा जोड्ने कमला नदीमा डेढ किलोमिटर लामो झोलुङ्गे पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ । आफ्नै भूमीमा आवतजावत गर्नपनि भारतको बाटो भएर घटौं हिड्न बाध्य स्थानीय पुल निर्माण हुने भएपछि खुशी छन् । धनुषाको जनकनन्दिनी गाउँपालिका वडा नं. ६ कठाल गाउँभन्दा पूर्व कमला नदी तटमा निर्माण भइरहेकोसो झोलुङ्गे पुल तीव्र गतिमा निर्माण जारी रहेको छ । पुल निर्माणमा ४२ जना प्राविधिक र कामदारहरु दिनरात काम गरिरहेका छन् ।

बाँकी पृष्ठ ३ मा

# एमाले मधेस प्रदेश कमिटीले भुकम्प पीडितलाई ३ लाख सहयोग गर्ने

• टक नेपाल

बिरगञ्ज । नेकपा एमाले मधेस प्रदेशले भुकम्प पीडितका लागि ३ लाख सहयोग गर्ने भएको छ । शुक्रबार राती जाजरकोटलाइ केन्द्रबिन्दु बनाएर गएको भुकम्प पीडितका लागि सहयोग स्वरूप तीन लाख सहयोग गर्ने भएको हो । पार्टी अध्यक्ष केपी शर्मा ओलीले शनिबार मधेस प्रदेशका निर्वाचित पार्टी पदाधिकारी र सदस्यहरुलाई सपथ ग्रहण कार्यक्रममार्फत सो घोषणा गरिएको हो । जाजरकोट रूकुम लगायतका जिल्लामा विनाशकारी भुकम्पबाट भएको जन र धनको क्षतीप्रति नेकपा एमाले मधेश प्रदेश कमिटी र सिंगो मधेश दुखी भएको पनि जनाएको छ । पीडितहरुको सहयोग र पुनः स्थापनाका लागि आज वीरगंजमा भएको नेकपा एमालेको मधेश प्रदेश स्तरीय विशेस कार्यक्रम मार्फत पार्टीका तर्फबाट रु ३ लाख सहयोग गर्ने निर्णय गरेको हो ।

## घर भाडा सम्बन्धी सूचना

महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।



**घरधनीको नाम : साबिर हुसेन**
**ठेगाना : गौशाला नगरपालिका- ५**
**मो. : 9819879988, 9844275864**

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९

## श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

## Healthy Living Nepal Pvt. Ltd.

Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)

बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४

हरेक प्रोडक्टमा बम्पर अफर !










जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

| LIVER FUNCTION TEST | WHOLE BODY CHECKUP | CARDIAC PROFILE | DIABETS PACKAGE |
|---|---|---|---|
| - Bilubine Total/Direst<br>- SGOT<br>- SGPT<br>- ALP<br>- Total Protine<br>- Albumine<br>- Globline<br>- AG-Ratio<br>- GGT | -CBC<br>- RBC<br>- LFT/RFT<br>- TSH<br>- URINE R/E<br>- LIPID PROFILE<br>- USG/ECG/X-RAY | - CPK<br>- CK MB<br>- SGOT<br>- TROPONIN<br>- LDH<br>- TOTAL CHOLESTEROL<br>- TRIGCYCERIDE | - URIN R/E<br>- RFT<br>- LIPID PROFILE<br>- CBC<br>- Glucose/F/PP<br>- MICRO AIBUMIN<br>- HBAIC |
| Rs. 2800/- | Rs. 6000/- | Rs. 5000/- | Rs. 4800/- |

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com